**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 08.04.2025**

**पोषण पखवाड़ा**

कामंलिङ सुलदुङ ग्राम पंचायत केन्द्रमा पोषण पखवाड़ाको जिल्ला स्तरीय उद्घाटन कार्यक्रम आज आयोजित गरियो। समुदायमा पोषण संबधी जागरूकता र स्वासस्थ्यको संवर्द्धन गर्ने तर्फ यो एक महत्वपूर्ण पाईला हो।

सोरेङकी बाल विकास परियोजना अधिकारी श्रीमती गौरी तामाङले कार्यक्रममा उपस्थित मानिसहरू समक्ष पोषण पखवाड़ाको उदेश्य र महत्व बुझाउनु भयो जसमा एउटा शिशुको सबभन्दा शुरूका एक हजार दिनहरूको ठूलो महत्वबारे जागरूकता फैलाउनुमा ध्यान केन्द्रित गरियो। शिशुको विकासमा शुरूका एक हजार दिन एकदमै महत्वपूर्ण भएकोले गर्दा समुदायलाई यस अवधिमा उनीहरूको पालन –पोषणका लागि शिक्षित गर्न कार्यक्रमको उद्देश्य रहेको थियो।

विभिन्न सरोकारखानाहरू माझ सहयोगलाई बढुवा दिदै सामुदायिक स्वास्थ्य तथा पोषणमा सुधार गर्नका लागि नवोन्मेषका रणनीति तथा व्यावहारिक हस्तक्षेपहरूबारे छलफल गर्न कार्यक्रमले एक मंच प्रदान गरेको थियो।

सिक्किमका सबै नागरिकहरूको स्वास्थ्य तथा समृद्ध भविष्य सुनिश्चित गर्नका लागि पोषण पखवाड़ा, आशाको किरण हुन जारीछ।

**एस पी एल**

नाम्चीकी जिल्लाधीश अनुपा तामलिङले फुटबल विकास प्राइभेट लिमिटेड (FDPL)का निदेशक बोर्डको एक समीक्षा बैठकको आज अध्यक्षता गर्नुभयो। सिक्किम प्रीमियर लीग SPL को आउँदो तेस्रो सीजनका तयारीहरूको समीक्षा गर्न भाईचुङ स्टेडियम नाम्चीमा सो बैठक बसेको थियो।

सुश्री तामलिङले स्टेडियम भित्र कुनै पनि खतरनाक क्षेत्रहरूमा बैरिकेडिग गरिने खाँचोलाई उजागर गर्दै सार्वजनिक सुरक्षा सुनिश्चित गरिने महत्वमा जोड़ दिनुभयो । कार्यक्रमको बेला पर्याप्त चिकित्सा टी र पुलिस सुरक्षामा वृद्धि गरिने आवश्यकता पनि उहाँले औल्याउनुभयो। निर्बीध समन्वयका लागिWalkie- talkie को प्रयोग गरिने सुझाउ पनि उहाँले दिनुभयो।

जिल्लाधीश तामलिङले सिक्किमका मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले मुख्य अतिथिको तवरमा एसपिएल को उद्घाटन समारोहको शोभा बढ़ाउने हुनेछ भन्नुभयो ।

एसपिएल का सर्वद्धक श्री निर्मल छेत्रीले उद्घाटन समारोहको एक विस्तृत जानकारी दिनुभयो। उद्घाटन समारोह 10 अप्रैलका दिन हुन निर्धारित छ जसपछी स्टेडियममा 13 वटा मैचहरू हुनेछन्।

**मुख्यमन्त्री – तीरन्दाजी**

मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले कारथोक मा 10 देखि 27 अप्रेल सम्म आयोजित हुनेभएको तेईसौं मुख्यमन्त्री कमपाउन्ड तीरन्दाजी स्वर्ण कपको सफल आयजनाका लागि सर्वण कपको सफल आयोजनाका आयोजक समितिलाई आफ्नो शुभकामना दिनुभएको छ। श्री तामाङले सिक्किम सरकारकी सल्लाहकार, नाथाङ- माचोंङकी क्षेत्र विधायक तथा आयोजक समितिकी अध्यक्ष श्रीमती पामिन लेप्चाको अगुवाईमा पाकिम जिल्ला तीरन्दाजी संघसित भेट गर्दा आफुलाई प्रसन्नता भएको भन्नुभयो।

**क्षेत्रीय ग्रामीण ब्याँक**

वित्तीय सेवा विभाग DFs ले एक राज्य एक क्षेत्रीय ग्रामीण ब्याँक को सिद्धान्तमा 26 क्षेत्रीय ग्रामीण ब्याँकहरूको एकीकरण अधिसूचित गरेको छ।

क्षेत्रीय  ग्रामीण ब्याँकहरूको यो चौँथो चरण हो। विगतमा एकीकरण भएको बेला क्षेत्रीय ग्रामीण ब्याँकहरूको दक्षतामा सुधार भएको मध्येनजर वित्त मन्त्रालयले गत वर्ष नोभेम्बरमा एउटा एकीकरण योजना थालेको थियो। वर्तमान समयमा 26 राज्य तथा दुई केन्द्र शासित प्रदेशहरूमा तिरचालिस (43) क्षेत्रीय ग्रामीण ब्याँकहरू संचालनमा छन्। लगभग बयानब्बे प्रतिशत शाखाहरू ग्रामीण तथा अर्द्ध शहरी क्षेत्रहरूमा रहेका छन्।

**मौसम**

स्थानीय मौसम विज्ञान विभागले दिएको जानकारी अनुसार बीतेका चौबीस घण्टामा गान्तोक र वरपरका क्षेत्रमा न्यूनतम तापमान 13 डिग्री सेलसियस र अधिकतम तापमान 17.6 डिग्री सेलीसियस रेकर्ड गरियो।

भोलि सामान्यता बादल छाउने  र केही वर्षा हुने पूर्वानुमान गरिएको छ।

चटयांङ र आन्धीबेरी हुने चेताउनी पनि दिइएको छ।

अधिकतम तापमान लगभग 20 डिग्री सेलसियस र न्यूनतम तापमान लगभग  13 डिग्री सेलसियस रहने अनुमान छ।